पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.) Lumbini Province, Nepal

पत्र संख्या:-/ Ref No. ०८०/८१
चलानी नं.:-/ Dispatch No २९९८

मिति: २०८१/०२/०७

विषय: IEMIS अद्यावधिक गर्ने सम्बन्धमा।

श्री सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरु (सबै),
पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरु शैक्षिक सत्र २०८१ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क २०८१ जेष्ठ ३० गते भित्र तपसिल बमोजिमका विवरणहरु भरी IEMIS अद्यावधिक गर्नु हुन अनुरोध छ।

**तपसिल:**

**विद्यालयहरुले गर्नु पर्ने कार्य:**

१. विद्यालयले यस प्रणालीमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रुपमा अद्यावधिक गर्ने, (सो नगरेको कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधा फरक पर्ने भएकोले) सबै विवरणहरु त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने। वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेको कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकोले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने।

२. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेवपेज (https://emis.cehrd.gov.np) खोलेर युजर (विद्यालयको IEMIS कोड) र आफ्नो पासवर्ड प्रयोग गरी लगइन गर्ने।

३. Dashboard को शुरुमा रहेको School profile (Basic profile, ECED Information र Management & others) मा रहेको विवरणहरु अद्यावधिक गर्ने।

४. Students Information मेनुको Scholarship मा गएर छात्रवृत्तिको विवरण भर्ने र विद्यार्थीको बार्षिक हाजिरी दिन प्रविष्ट गर्ने।

५. त्यसपछि Manage Exam मा गएर विद्यार्थीहरुको शैक्षिक सत्र २०८० को अन्तिम परीक्षाको उपलब्धि विवरण प्रविष्टि गर्ने अनि क्रमश: Student Information मा गएर Update मेनुमा रहेको Passed, Passed & Transfer, Double Promoted, Repeated, Repeated & Transfer , Dropout) गर्ने।

६. आफ्नो विद्यालयबाट अन्यत्र विद्यालयमा स्थानन्तरण भै जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गइ भर्ना भएको छ सो विद्यालय छानी Transfer Click गर्ने।

Website: http:// palhinandanmun.gov.np, Email:
palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

'नतिजामुखी प्रशासन, समृद्धि र सुशासन।'
"कर आफू पनि तिरौं, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौं।"

प्रमोद यादव
शिक्षा अधिकृत

पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
**Palhinandan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
कुश्मा, नवलपरासी (ब.सु.प्र.) लुम्बिनी प्रदेश,नेपाल
**Kushma, Nawalparasi (Ba. Su. Pa.),Lumbini Province, Nepal**

पत्र संख्या:-/ Ref No. ०८०/८१
चलानी नं.:-/ Dispatch No २११८

७. Transfer भइ आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिष्ट हेरी Accept गर्ने।

८. पूर्व प्राथमिक तह (ECED/PPC) का सबै र कक्षा १ मा (ECED/PPC को अनुभव लिइ कक्षा १ मा आएका बाहेकका) भर्ना हुन आएका बालबालिकालाई मात्र Add Student विवरण प्रविष्ट गर्ने।

९. कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थान्तरण प्रमाणपत्र (IEMIS को रजिष्ट्रेशन नम्बर सहित) ल्याउन लगाइ Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण Accept गर्ने। अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Transfer गर्न अनुरोध गरी विद्यार्थी विवरण Accept गर्ने।

१०. सबै विद्यालय (Montessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आ-आफ्नो विद्यालयको IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने।

११. Dash Board मा रहेको Teacher/Staff Menu मा गइ शिक्षक तथा कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने। यसैमा अद्यावधिक गरिएको विवरणका आधारमा IEMIS बाट नै शिक्षक/कर्मचारीको तलबभत्ताका लागि माग फाराम तयार गर्ने कार्य भै रहेकोले त्रुटिरहित तरिकाले उक्त विवरण अद्यावधिक गर्ने।

१२. SMC Menu मा गइ विद्यालय व्यवस्थापन समिति सम्बन्धि विवरण अद्यावधिक गर्ने।

१३. Infras. (Infrastructure) Inventory Menu मा गइ विद्यालयमा रहेका सम्पूर्ण भौतिक संरचना र विद्यालय नक्साङ्कन (School Mapping) सम्बन्धी विवरण अद्यावधिक गर्ने।

१४. बाढी, हावा हुरी, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धी विवरण भर्ने स्थानहरु भएकोले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EiE Menu रहेको विवरण तत्काल अपडेट गर्ने।

१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन लिइ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School-TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre-diploma/Diploma) अध्ययनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने।

१६. कुनै विद्यालयले झुठा विवरण भरेको पाइएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई नै कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

प्रमोद यादव
शिक्षा अधिकृत

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाई नवलपरासी (ब.सु.प.) ।